# स्थानिय सरकार भएदेखि हालसम्मका मुख्य उपलब्धीहरुको सार्बजनिकीकरण

मिति : २०७८।१२।१३

**कार्यक्रममा उपस्थित, प्रमुख अतिथि, अथिति महानुभावहरु सवै जनप्रतिनिधिहरु, विभिन्न पाटीका प्रतिनिधि ज्यूहरु, कर्मचारी, शिक्षक, सुरक्षाकर्मी , पत्रकार, जनसमुदायहरु अभिवादन एवम् नमस्कार,**

आम नेपाली जनताहरुको लामो त्याग तपस्या एवम् बलिदानको परिणाम स्वरुप प्राप्त भएको संघिय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य व्यवस्थाको परिणाम स्वरुप हामी सबै यो कार्यक्रममा बोल्न र उपस्थित हुन पाएका छौँ, सर्वप्रथम त यो व्यवस्था ल्याउनका लागि विभिन्न जनआन्दोलन एवम् महान जनयुद्धमा आफ्नो ज्यानको बलिदानी दिने बिर शहिदहरु प्रति हार्दिक श्रद्धासुमन तथा घाईते योद्धाहरु प्रति सिघ्र स्वास्थ्यलाभको कामना तथा परिवार जनप्रति सहानुभुती प्रकट गर्दछु ।

सार्बभौम सत्ता सम्पन्न नेपाली जनताहरुको माग अनुरुप बनेको नेपालको संविधान र संविधानद्‌वारा निर्देशित मुल मर्महरु जस्तै संघियता गणतन्त्र धर्मनिरपेक्षता, समाबेशिता, समानुपातिक प्रतिनिधित्व, शक्ति पृथकिकरण, आवधिक निर्वाचन एवं स्वतन्त्र न्यायपालिका जस्ता पक्षहरुलाई आत्मसाथ गर्दै, नागरिकको मौलिक हक तथा अधिकारहरुको संरक्षण, स्वतन्त्रता एवम् स्वाधिनता,स्वायततताको रक्षा गर्ने तथा विकास निमार्णमा आम नागरिकहरुको अपनत्व सृजना गर्ने हेतुले , नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन बमोजिम स्थापना भएका ७५३ वटा स्थानीय तहहरु मध्ये एक हो कुमाख गाउँपालिका सल्यान ।

कर्णाली प्रदेश सल्यान जिल्ला अन्तर्गत पर्ने यस कुमाख गाउँपालिका भित्र विभिन्न जातजाती तथा धर्म सस्कृतिका जनताहरुको बसोवास रहेको छ र यी सवै जातजातिहरुले आफ्नो महत्वपूर्ण मत दिदै मिति:२०७४।०१।३१ गते म लगायत सम्पुर्ण जनप्रतिनिधिहरुलाई यस गाउँपालिकाको नेतृत्व गर्नेगरि निर्वाचित गरका हुन । आज सम्म आइपुग्दा मैले यस गाउँपालिका अध्यक्षको पदमा रहि काम गर्दै आएको ४ वर्ष १० महिना १३ दिन पुगेको छ । पक्कै पनि निर्वाचित हुनु अघी जनताहरु माझ गरेका बाचाहरु होलान, प्रतिवद्धताहरु

होलान, ति प्रतिवद्धताहरु एवं बाचाहरु पुरा गर्ने अठोटका साथ अगाडि बढदै गर्दा हामि सँग विभिन्न अबसर एंवम चुनौतिहरु थिए ।

**अवसरहरु**

१) बहुमत प्राप्त सरकार थियो ।
२) सकारात्मक सोचका जनप्रतिनिधि तथा कर्मचारी साथिहरु हुनुहुन्थ्यो।
३) भौगोलिक विविधता थियो ।
४) कृषि योग्य भुमि थियो ।
५) समावेशीमुलक प्रतिनिधित्व थियो ।
७) सहयोगी भुमिकामा प्रदेश र संघिय सरकार थिए ।
८) आर्थिक , राजनितिक एंवम् प्रशासनिक स्वायत्तता थियो ।
९) सकारात्मक सोचका जनताहरु  थिए ।
१०) सहयोगी सरकारी तथा गैर सरकारी सँघ संस्थाहरु थिए।

**चुनौतिहरु ।**

१) भौगोलिक विकटता हुनु ।
२) विकासका अवस्था शुन्य हुनु ।
३) आन्तरिक स्रोतमा कमी हुनु ।
४) साधन स्रोतमा अत्मनिभर नहुनु ।
५) सिमित स्रोत साधन हुनु ।
६) रोजगारीका अवसहरु सृजना नहुनु ।
७) विद्युत विस्तार, सडक, खानेपानि, भवन पुर्वाधार तर्फको विकास लगभग  शुन्य हुनु ।
८) महिलाहरुले केहि गर्न सक्दैन्न भन्ने धारण कतिपयमा हुनु ।
९) काम गर्न नदिने बाधक तत्वहरु व्याप्तहुनु ।
१०) कानुनी जटिलततहरु हुनु ।
११) स्थानीय तह भित्रका सबै क्षेत्रहरुको विकासमा नयाँ जग बसाल्नु ।
१२)सवै जनप्रतिनिधिहरुमा नयाँ अभ्यासमा सामन्जस्यता हुन कठिन हुनु ।
१३) कोभिड १९ महामारी आउनु

आदि चुनौतिका रुपमा अगाडि पहाड उभिएझै उभिएका थिए र ति चुनौतिहरुका बाबजुत जनताहरुको अभिलासालाई मन मस्तिष्क र काधमा राखेर निरन्तर संघर्षका यात्रामा लाग्नु आफ्नो महान कर्तव्य ठान्दै यो अवस्थामा सम्म आई पुगेका छौँ ।

**उपस्थित,** महानुभावनहरु जनताहरुका मार्फत यो जिम्मेवार पदमा निर्वाचित भए पश्चात आजको मिति मा आईपुग्दा सम्म हामीले के परिवर्तन र विकास गर्यौं । ति विकास र परिवर्तन गर्दैगर्ने क्रममा हामीमाझ के कस्ता महत्वपुर्ण विषयहरु छन । हाम्रो गाउँपालिकालाई परिर्वतन तथा विकास निर्माणका लागि के कति स्रोतहरु के कति माध्यमबाट प्राप्त भयो र हामीले उक्त स्रोतको परिचालन मार्फत आजको मिति सम्म आइपुग्दा गाउँपालिकाभित्र प्राप्त मुख्य मुख्य उपलब्धीहरु आजको यस कार्यक्रम मार्फत सार्वजनिकिकरण गर्ने अनुमति चाहान्छु ।

## आम्दानी तर्फ

## आ.ब २०७४/०७५ को आय विवरण

| **क्र.स.** | **श्रोत** | **अनुमान रकम (रु.)** | **कैफियत** |
|---|---|---|---|
| | | **क) नेपाल सरकार** | |
| १. | समानीकरण अनुदान | १९३८२२००० | |
| २. | शसर्त अनुदान | ८९१२४००० | |
| ३. | राजस्व बाँडफांड | - | |
| ४. | बिशेष अनुदान | - | |
| ५. | समपुरक अनुदान | - | |
| **ख) प्रदेश सरकार** | | | |
| १. | समानीकरण अनुदान | - | |
| २. | शसर्त अनुदान | - | |
| ३. | राजस्व बाँडफांड | - | |
| ४. | बिशेष अनुदान | - | |
| ५. | समपुरक अनुदान | - | |
| | | **ग) आन्तरिक आम्दानी** | |
| १. | आन्तरिक आय | १४,९८,४०० | |
| **जम्मा** | | २८,४४,४४,४००।- | अक्षेरेपि : अठाइस करोड |

| | | |
|---|---|---|
| | | चवालिस लाख चवालिस हजार चार सय रुपैयाँ मात्र |

## आ.ब २०७५/०७६को आय विवरण

| क्र.स. | श्रोत | अनुमान रकम (रु.) | कैफियत |
|---|---|---|---|
| | | क) नेपाल सरकार | |
| १. | समानीकरण अनुदान | ९,३९,००,००० | |
| २. | शसर्त अनुदान | १३,२९,५०,००० | |
| ३. | राजस्व बाँडफांड | ५,८२,९५,३०० | |
| ४. | बिशेष अनुदान | - | |
| ५. | समपुरक अनुदान | - | |
| ख) प्रदेश सरकार | | | |
| १. | समानीकरण अनुदान | ५०,३६,००० | |
| २. | शसर्त अनुदान | - | |
| ३. | राजस्व बाँडफांड | - | |
| ४. | बिशेष अनुदान | - | |
| ५. | समपुरक अनुदान | १,१०,००,००० | |
| | | ग) आन्तरिक आम्दानी | |
| १. | आन्तरिक आय | २५,३४,४०० | |
| **जम्मा** | | ३०,३७,१५,७०० ।- | अक्षेरेपि- तिस करोड सैतिस लाख पन्ध्र हजार सात सय रुपैयाँ मात्र |

## आ.ब २०७६/०७७ को आय विवरण

| क्र.स. | श्रोत | अनुमान रकम (रु.) | कैफियत |
|---|---|---|---|
| | | **क) नेपाल सरकार** | |
| १. | समानीकरण अनुदान | ९,७७,००,००० | |
| २. | शसर्त अनुदान | १४,६०,४१,००० | |
| ३. | राजस्व बाँडफांड (संघ र प्रदेश) | ६,४०,९२,००० | |
| ४. | बिशेष अनुदान | - | |
| ५. | समपुरक अनुदान | - | |
| **ख) प्रदेश सरकार** | | | |
| १. | समानीकरण अनुदान | १,०१,२३,००० | |
| २. | शसर्त अनुदान | ५६,३३,००० | |
| ३. | अन्य अनुदान | १,३७,५३,००० | |
| ४. | बिशेष अनुदान | २९,८६,००० | |
| ५. | समपुरक अनुदान | ८०,००,००० | |
| | | **ग) आन्तरिक आम्दानी** | |
| १. | आन्तरिक आय | ३३,१२,२५७ | |
| **जम्मा** | | ३५,१६,४०,२५७ ।- | अक्षेरेपि- पैतिस करोड सोह्र लाख चालिस हजार दुई सय सन्ताउन्न रुपैयाँ मात्र |

## आ.ब २०७७/०७८ को आय विवरण

| क्र.स. | श्रोत | अनुमान रकम (रु.) | कैफियत |
|---|---|---|---|
| | | **क) नेपाल सरकार** | |
| १. | समानीकरण अनुदान | ९,९५,००,००० | |
| २. | शसर्त अनुदान | २२,४७,८०.००० | |

| | | | |
|---|---|---|---|
| ३. | राजस्व बाँडफांड (संघ र प्रदेश) | ७,०३,३५,००० | |
| ४. | बिशेष अनुदान | ५८,४५,००० | |
| ५. | समपुरक अनुदान | ९९,७९,००० | |
| **ख) प्रदेश सरकार** | | | |
| १. | समानीकरण अनुदान | १,००,७७,००० | |
| २. | शसर्त अनुदान | ३९,६१,००० | |
| ३. | राजस्व बाँडफांड | - | |
| ४. | बिशेष अनुदान | ५०,००,००० | |
| ५. | समपुरक अनुदान | १५,४७,००० | |
| **ग) आन्तरिक आम्दानी** | | | |
| १. | आन्तरिक आय | ३९,६२,२२१ | |
| **जम्मा** | | ४३,४९,८६,२२१ ।- | अक्षेरेपि- त्रिचालिस करोड उनान्चास लाख छयासी हजार दुई सय एक्काइस रुपैयाँ मात्र |

## आ.ब २०७८/०७९ को आय विवरण

| क्र.स. | श्रोत | अनुमान रकम (रु.) | कैफियत |
|---|---|---|---|
| **क) नेपाल सरकार** | | | |
| १. | समानीकरण अनुदान | १०,१५,००,००० | |
| २. | शसर्त अनुदान | २१,२५,३०,००० | |
| ३. | राजस्व बाँडफांड | ८,२०,३३,००० | |
| ४. | बिशेष अनुदान | १,५७,००,००० | |

| | | | |
|---|---|---|---|
| ५. | समपुरक अनुदान | ४२,००,००० | |
| **ख) प्रदेश सरकार** | | | |
| १. | समानीकरण अनुदान | १,०७,७१,००० | |
| २. | शसर्त अनुदान | १,१८,०८,००० | |
| ३. | राजस्व बाँडफांड | ६,१२,००० | |
| ४. | बिशेष अनुदान | ४०,००,००० | |
| ५. | समपुरक अनुदान | १,५५,००,००० | |
| **ग) आन्तरिक मौज्दात तथा राजस्व** | | | |
| १. | आन्तरिक मौज्दात | ८,८९,६८,००० | |
| २. आन्तरिक राजस्व अनुमान | | ४५,०००० | |
| **जम्मा** | | ५४,७६,५७,००० ।- | अक्षेरेपि चाउन्न करोड छैहत्तर लाख सन्ताउन्न हजार रुपैयाँ मात्र |

१. **स्थानीय तहबाट हालसम्म जारी भएका कानून(ऐन, नियम, निर्देशिका, कार्यविधि, मापदण्ड)**

क. ऐनहरुः-१० वटा

ख.नियमावलीः ५ वटा

ग.कार्यविधिः २५ वटा

जम्माः ४० वटा

| क्रम संख्या | नाम |
|---|---|
| १ | कुमाख गाउँपालिकाको बातावरण तथा प्रकृतिक स्रोत सरक्षण ऐन २०७७ |
| २ | कुमाख गाउँपालिकाको पशुपन्छी विकास कार्यक्रम सचालन कार्यविधि २०७७ |
| ३ | कुमाख गाउँपालिकाको वातावरण अध्ययन तथा प्रारम्भिक वातावरण परिक्षण कार्यविधी २०७७ |
| ४ | कुमाख गाउँपालिका सार्वजनिक खरिद निमावली २०७७ |
| ५ | कुमाख गाउँपालिका सभा संचालन कार्यविधी विधेक २०७४ |
| ६ | छात्रवृति सम्बन्धी कार्यविधि २०७७ |
| ७ | घरजग्गा बहाल कर व्यवस्थापन कार्यविधि २०७७ |
| ८ | व्यवसाय कर सम्बन्धी कार्यविधि २०७७ |
| ९ | स्थानीयतहको उपभोक्ता समिति गठन परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि २०७५ |
| १० | अपागंता भएका व्यक्तिहरुको कार्यविधी २०७५ |

| | |
|---|---|
| ११ | गाउँपालिकाको आर्थिक ऐेन  २०७७ |
| १२ | कुमाख गाउँ कार्यपालिकाको बैठक संचालन सम्बन्धी कार्यविधि - २०७५ |
| १३ | कुमाख गाउँपालिकाका पदाधिकारीहरुको आचारसंहिताकार्यविधि २०७५ |
| १४ | कुमाख गाउँपालिलका शिक्षा नियमावली२०७४, |
| १५ | कुमाख गाउँपालिकाको सहकारी ऐेन २०७४ |
| १६ | कुमाख गाउँ कार्यपालिकाको बैठक संचालन सम्बन्धी कार्यविधि - २०७५ |
| १७ | न्यायिक समितिले उजुरीको कारवाही किनारा गर्दा अपनाउनुपर्ने कार्यविधि२०७४ |
| १८ | गाउँ कार्यपालिका (कार्य विभाजन) नियमावली२०७४, |
| १९ | गाउँ कार्यपालिका कार्य सम्पादन नियमावली २०७४ |
| २० | गाउँ कार्यपालिकाको बैठक संचालन सम्बन्धी कार्यविधी २०७४ |
| २१ | कुमाखमालिका गाउँ कार्यपालिका निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणिकरण कार्यविधी २०७४ |
| २२ | कुमाखमालिका गाउँ सभा संचालन कार्यविधी विधेक २०७४ |
| २३ | गाउँपालिकाको आर्थिक विधेयक २०७४ |
| २४ | कुमाखमालिका गाउँपालिका विनियोजन विधेयक २०७४ |
| २५ | स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधी २०७५ |
| २६ | विपद व्यवस्थापन कोष संचालन तथा व्यवस्थापन कार्यविधि २०७५ |
| २७ | मर्मतसंभार विशेषकोष कार्यविधी २०७५ |
| २८ | गाउँपालिका विनियोजन विधेयक २०७५ |
| २९ | अपागंता भएका व्यक्तिहरुको कार्यविधी २०७५ |
| ३० | कुमाख गाउँपालिकाको प्रशासकीय कार्यविधी  नियामित गर्ने ऐन २०७५ |
| ३१ | कुमाख गाउँपालिका सहरकारी ऐन २०७४ |
| ३२ | कुमाख गाउँपालिका कृषी व्यावसाय प्रवधन ऐन २०७४ |
| ३३ | स्थानीयतहको उपभोक्ता समिति गठन परिचालन तथा व्यवस्थापन सम्बन्धी २०७५ |
| ३४ | कुमाख गाउँपालिका प्रविधिक कर्मचारी करार व्यवस्थापन कार्यविधि २०७६ |

| | |
|---|---|
| ३५ | प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७७ |
| ३६ | सार्वजनिक खरिद निमावली २०७७ |
| ३७ | छात्रवृति सम्बन्धी कार्यविधि २०७७ |
| ३८ | लैङगीक हिसा निवारण कोेष संचालन कार्यविधी २०७७ |
| ३९ | व्यवसाय कर सम्बन्धी कार्यविधि २०७७ |
| ४० | खरको छाना विस्थापित कार्यान्वयन कार्यविधि  २०७८ |

## आदरणीय शहीद परिवार जनहरुप्रती

देश र जनताको आर्थिक, सामाजिक,राजनैतिक समृद्धिका लागि महान जनयुद्ध २०६२/०६३ सालको जन आन्दोलन लगायत विभिन्न आन्दोलनमा आफ्नो अमुल्य जीवन वलिदान गर्नुहुने महान शहिदहरुको स्मरणमा प्रत्येक वर्ष शहिदका घरपरिवारका सदस्यहलाई सम्मान तथा अभिनन्दन कार्यक्रम सञ्चालन गरिदै आईएको छ ।

## विकास निर्माणका कार्यहरु

# भौतिक पुर्वाधार तर्फ

१- संघियता कार्यान्वयनको सुरुवाती चरण भएकोले जनतालाई सहज तरीकाले सेवा प्रवाहका लागि भौतिक श्रोतसाधन नभएको अवस्था थियो । यस अवधिमा जनतालाई सहज र प्रभावकारी ढंगले सेवा प्रवाहका गर्न गाउँपालिका प्रमुख प्रशासकिय भवन ,१ ,२,४,७ न. वडा कार्यालय नयाँ भवन  निर्माण गरी सोही भवनबाट सेवा प्रवाह गरीरहेको अवस्था छ भने ३ न.वडा कार्यालय तला थप र मर्मत,६ न. वडा कार्यालय मर्मत गरिएको छ  र ५ न. वडा कार्यालय निर्माण कार्य भईरहेको छ। त्यस्तै गाउँपालिका आवास भवन, गा.पा. कृषि भवन, गा.पा.शभा हल, गा.पा.स्टोर भवन,र सहिद स्मृती अस्पताल शेराडाँडाको सानो भवन निर्माण सम्पन्न भई सेवा प्रवाह भईरहेको छ भने सहिद स्मृति अस्पतालको ठुलो भवनको ७५ प्रतिशत कार्य र १५ शैया अस्पताल भवनको १० प्रतिशत काम सम्पन्न भईसकेको छ ।

२- जनताको आवश्यकता र मागलाई सम्वोधन गर्दै कुमाख गा.पा. भित्रका खेतियोग्य जमिनमा दिगो सिचाई सेवा उपलब्ध गराई उत्पादनमा बृदि गरी खाद्यान्नमा आत्मनिर्भर बनाउने उदेश्यका साथ रु४,६२,१५,०००।-(अक्षरुपी चार करोड बैसठी लाख पन्ध्र हजार रुपैया )विनियोजन गरी गा.पा.भित्रका १३४ गोटा सिचाई कुलो निर्माण र मर्मत समेत (२९.३ कि.मी.पि.सी.सी.र २.५ कि.मी.आर.सी.सी.स्ल्याप पुल सहित )निर्माण गरिएको छ ।

३-जनताको आवश्यकता र मागलाई सम्वोधन गर्दै कुमाख गा.पा. भित्रका वस्तीहरुमा खानेपानिको पहुच सहज बनाउने उदेश्यका साथरु४,७९,५३,०००।-(अक्षरुपी चार करोड उनासी लाख तिरपन्न हजार रुपैया मात्र) विनियोजन गरी स्वीकोटमा गुरुदासे खानेपानी वडा न. १ र २ ,नुवागाउँ खानेपानि वडा न. १ सिस्नेरी खानेपानी वडा न. ३ लगायत १५३ गोटा खानेपानि योजना(८३१ घनमिटर ट्याङकी,१२३ कि.मी.पाईप सानो,ठुलो र जिआई समेत,१४८ गोटा धारा निर्माण र मर्मत समेत ) सम्पन्न गरिएको छ भने टयाङकी सहित सोलार सिस्टमबाट रु ९९,००,०००।-(अक्षरुपी उनान्सौ लाख रुपैया मात्र ) विनियोजन गरी  नैनथाला लिफ्ट खानेपानि वडा न. १ लगायत७ गोटा लिफ्ट खानेपानि निर्माण गरिएको छ त्यस्तै रु ३,६५,०००।-(अक्षरुपी तिन लाख पैसठी हजार रुपैया मात्र) विनियोजन गरी ४ स्थानमा ७ ट्युवेल धारा निर्माण सम्पन्न गरीएको छ ।

४-विकासको मेरुदण्ड सडक भएको हुनाले कुमाख गा.पा. भित्रका विभिन्न स्थानमा सडक सञ्जाल जोड्नका लागि रु १६,४१,९९,०००।-(अक्षरुपी सोह्र करोड एकचालिस लाख उनान्सौ हजार रुपैया मात्र) विनियोजन गरी कुमाख रिङरोड , चोरपानी ,जिमाली, मर्मपरिकाँडा हुदै नेटा सडक , मौलोहाले, तङमारा, नेटा, बाल्या सडक स्यानिपिप्ली, टाट्के, भितिबनचौर देखि राईरा जोड्ने सडक , विभिन्न वडा कार्यालय जोड्ने सडक लगायत २०२ कि.मी. नयाँ कटिङ,१०३ कि.मी.डबल कटिङ,३.६२ कि.मी.ग्राबेल ८० कि.मी. नालि ,८०० घ.मी.जाली भरेको र विभिन्न स्थानमा आवश्यकता अनुसार होम पाईप र स्ल्याप निर्माण सम्पन्न गरिएको छ ।साथै पटक पटकको पहल,डेलिगेसन र अनुरोधमा थारमारे देखि चौरजहारी सडक र सल्ली कैनकाँडा चौरजहारी सडकलाई स्तरबृदि तथा कालोपत्रे गर्ने कामको शुरुवात भएको छ ।

५- धार्मिक र पर्यटकिय क्षेत्रलाई पर्वधन गर्ने उदेश्यका साथ रु ६९,९०,०००।-(अक्षरुपी उनसहत्तरी लाख नब्बे हजार रुपैया मात्र) विनियोजन गरी विभिन्न स्थानमा मन्दिर ,गुफा,परिसर ,प्रतिक्षालय आदि निर्माण सम्पन्न गरिएको छ भने रु ३३,७०,०००।-(अक्षरुपी तेत्तिस लाख सहत्तरी हजार रुपैया मात्र) विनियोजन गरी कुमाख लेखमा १२०० मिटर सिढिसहित र सिदबाबा मन्दिर थदरामा ११० मि. सिढिसहित पैदल मार्ग निर्माण कार्य सम्पन्न गरीएको छ ।

६-जनताको आवश्यकता र मागलाई सम्वोधन गर्दै  गाउँपालिका केन्द्रमा र कुमाख गा.पा. भित्रका विभिन्न स्थानमा (जस्तै विद्यालय,स्वास्थ्य चौकी,वडा कार्यालय, खेलमैदान,सार्वजनिक स्थान) रु ६६,७१,०००।-(अक्षरुपी छैसठी लाख एकहत्तरी हजार रुपैया मात्र) विनियोजन गरी फिल्ड निर्माण कार्य सम्पन्न गरिएको छ  भने रु ६५,३०,०००।-(अक्षरुपी पैसठी लाख तिस हजार रुपैया मात्र) विनियोजन

गरी ११३० मि.ढुङ्गाको वाल र ८०० मि. तारजालिको पर्खाल तथा घेरवार निर्माण कार्य सम्पन्न गरिएको छ ।

७- कुमाख गाउँपालिका भित्र भई बग्ने खोलामा वर्षाको समयमा आवातजावतमा सहज बनाउने उदेश्यका साथ रु ५९,६५,०००।-(अक्षरुपी उन्साठी लाख पैसठी हजार रुपैया मात्र) विनियोजन गरी थदरा र ईखेखोलामा झोलुङ्गे पुल निर्माण कार्य सम्पन्न गरिएको छ भने भण्डारखोला र थापाचौरमा ठेक्का सम्झौता भई निर्माण कार्य भईरहेको छ । त्यस्तै वडा न. ३ ,२ र ७ का विभिन्न ८ स्थानमा रु ३०,५५,०००।-(अक्षरुपी तिस लाख पचपन्न हजार रुपैया मात्र) विनियोजन गरी निर्माण कार्य सम्पन्न गरिएको छ भने मर्मखोलामा कार्य सम्पन्न अन्तिम चरणमा रहेको छ ।

८-उज्यालो कुमाख बनाउने उदेश्यका साथ रु ३,०८९४,०००।-(अक्षरुपी तिन करोड आठ लाख चौरानब्बे हजार मात्र ) विनियोजन गरी कुमाखका विभिन्न स्थानमा विद्युतिकरण कार्य सम्पन्न गरिएको छ भने बाँकि रहेका स्थानमा विद्युतिकरणका लागि रु३,००,००,०००।-(अक्षरुपी तिन करोड रुपैया मात्र)को ठेक्का सम्झौता भई निर्माण कार्य अगाडि बढाईएको छ ।जसमा १० मिटरका ४२३ पोल ,८ मिटरका १०२० पोल २५ के.भी.ट्रान्सफर ११ गोटा र ५० के.भी.ट्रान्सफर्मर ३ गोटा रहेको छन भने कुमाखका करीव २५ प्रतिशत घरधुरीमा विद्युतको पहुच पुर्‍याईएको छ ।

९-कुमाख गा.पा. भित्रका विभिन्न खोलामा तटबन्धन गरी खेतियोग्य जमिनको संरक्षण गर्न तथा जनताको मागको सम्बोधन गर्ने उदेश्यका साथ रु ४०,००,०००।-(अक्षरुपी चालिस लाख रुपैया मात्र)को तारजालि खरीद गरि आवश्यकताको आधारमा वितरण गरिएको छ ।

१०- कुमाख गाउँपालिका भित्रका विभिन्न सडकहरु वर्षा यामको पानिले विग्रीएर सुधार गर्नुपर्ने जनताको मागलाई सम्बोधन गर्न रु ३३,५०,०००।-(अक्षरुपी तेत्तिस लाख पचास हजार रुपैया मात्र) विनियोजन गरी समयसमयमा सडक मर्मत सम्भार कार्य गरिएको छ ।

११- घरवारविहिन सुकुम्वासी,विपन्न र दलितहरुलाई टिनको छानो व्यबस्थापन गरी पानि,हावा र घामबाट सुरक्षित वासको व्यबस्थापन गर्नको लागि १६१ घरपरिवारलाई प्रति परिवार रु ५०,०००।-( अक्षरुपी पचास हजार रुपैया मात्र )को दरले वितरण गरिएको साथै जनता आवास कार्यक्रम १० घरपरिवारलाई (वडा न. १ मा २ घरपरिवार , वडा न. ४ मा ३ घरपरिवार र वडा न. ३ मा ५ घरपरिवार )प्रदान गरिएको छ ।

## वन, वातावरण तथा विपद व्यवस्थापन

१- कुमाख गाउँपालिका भित्रका बन तथा बाताबरणलाई संरक्षण गर्ने उदेश्यले रु १,५७,०००।-(अक्षरुपी एक लाख सन्ताउन्न हजार रुपैया ) विनियोजन गरी कुमाख गा.पा.का विभिन्न स्थानमा पोखरी निर्माण ,रु ९,७७,०००।-(अक्षरुपी नौ लाख सतहत्तरी हजार रुपैया ) विनियोजन गरी विभिन्न ७ स्थानमा फिल्टरीङ ड्याम निर्माण,रु २८,७८,०००।-(अक्षरुपी अठाईस लाख अठहत्तरी हजार रुपैया मात्र) विनियोजन गरी विभिन्न १७ स्थानमा बृक्षारोपण कार्यक्रम ,रु ५३,४१,०००।-(अक्षरुपी तिरपन्न लाख एकचालिस हजार रुपैया ) विनियोजन गरी विभिन्न २० स्थानमा गहरा सुधार कार्यक्रम सम्पन्न गरिएको छ भने रु ७,३७,०००।-(अक्षरुपी सात लाख सरतीस हजार रुपैया ) विनियोजन गरी आयआर्जन कार्यक्रम अन्तरगत रुमालगाउँ सामुदायिक बन उपभोक्ता समितिमार्फत विभिन्न समुहलाई बाँस,निगालो,टिमुर र अम्लीसो खेतिको लागि वितरण गर्ने कार्य प्रारम्भ गरिएको छ ।

२- कुमाख गाउँपालिका भित्र विभिन्न समयमा आईपर्ने प्राकृतिक विपतको पुर्व तयारी स्वरुप गाउँपालिकामा डोजर,एम्बुलेन्स तयारी अवस्थामा राखिएको र विभिन्न समयमा जनताहरु विपत्तमा परी आवश्यक राहतका लागि गाउँपालिकामा दिएका निवेदनको आधारमा गाउँपालिका स्तरीय विपत व्यबस्थापन समितिको बैठकबाट निर्णय गरी १४९ जना व्यक्ति तथा समुहलाई रु १४,३२,५००।-( अक्षरुपी चौध लाख बत्तिस हजार पाँच सय रुपैया मात्र) राहत रकम वितरण गरिएको छ ।

## कृषि तर्फ

१- कृषि योग्य भुमिमा भरपर्दो सिचाई गरी उत्पादनमा बृदि गर्नका लागि रु ६३,४०,०००।-(अक्षरुपी तिरसठी लाख चालिस हजार रुपैया मात्र) विनियोजन गरी ७५ गोटा साना सिचाई आयोजना सम्पन्न गरिएको,५० प्रतिशत अनुदानमा टनेल वितरणका लागि रु १९,३०,०००।-(अक्षरुपी उन्नाईस लाख तिस हजार रुपैया मात्र) विनियोजन गरी ४४८ जना कृषकलाई टनेल वितरण गरेको ,रु ३८,२०,०००।-( अक्षरुपी अरतिस लाख विस हजार रुपैया मात्र) विनियोजन गरी ३९८ जना कृषकको घरमा भकारो सुधार कार्य सम्पन्न गरीएको छ भने ब्याबशायिक कृषकहरुलाई प्रोत्साहन गर्न गाउँपालिका अध्यक्ष उत्कृष्ट पुरुष्कार,व्याबशायिक कृषक पुरुष्कार लगायतका कृषकहरुलाई प्रोत्साहित गर्ने कार्यक्रमहरु गरिदै आएको छ त्यस्तै कृषकहरुले गरेको काममा थप टेवा पुऱ्याउने उदेश्यका साथ आकस्मिक बालि संरक्षण सेवा कार्यक्रम , बालिनालिमा लाग्ने रोगकिरा व्यबस्थापन कार्यक्रम लगायत कृषि सामग्री वितरण कार्यक्रम पनि गरिदै आईएको छ ।

२-नगदे आम्दानिमा पर्ने विभिन्न फलफुलका २०,६५०।- गोटा विरुवाहरु वितरण गरिएको छ ।तरकारीबाट आत्मानिर्भर बनाउने उदेश्यका साथ विभिन्न तरकारीको ११,९७५।- प्याकेट विउ ,च्याउको ३,८००।- प्याकेट विउ, धान,मकै,गहु र मासको ११,७६० किलो विउ वितरण गरिएको छ भने

अदुवा,वेसार,फलफुल,मौरी,तरकारी,बदाम पकेट क्षेत्र र धान जोन बनाई अनुदानको व्यबस्था गरिएको छ ।

## पशुतर्फ

१- कृषकहरुलाई प्रोत्साहित गरी कृषकहरुलाई आफ्नो पेशाप्रती सन्तुष्ट बनाई आत्मानिर्भर बनाउने उदेश्यका साथ बाखाको खोर सुधार सहकार्य ,कुखुरा खोर सुधार सहकार्य,भकारो सुधार सहकार्य,प्रजनन बोका खरीद सहकार्य कार्यक्रम कार्यान्वयन गरिएको छ साथै पशुपंक्षी स्वास्थ्य शिविर,खोप सेवा कार्यक्रम,आकस्मिक तथा बाह्‍य परिजिवी नियन्त्रण कार्यक्रम,आकस्मिक रोग नियन्त्रण कार्यक्रम र ५० प्रतिशत अनुदानमा घाँसहरुको नर्सरी स्थापना कार्यक्रम पनि सञ्चालन गरिदै आईएको छ ।

२-भैसी पालक कृषकलाई प्रोत्साहित गरी दुग्धजन्य पदार्थमा आत्मनिर्भर बनाउने उदेश्यका साथ ८५७ गोटा सुत्केरी भैसीलाई भत्ता वितरण गरिएको ३५०० चल्ला वितरण गरीएको ,व्याबशायिक वाखा फर्म र कृषकहरुलाई उन्नत प्रजनन बोका र बाखा वितरण कार्य गरिएको छ ।

## महिला विकास तर्फ

१- जेष्ठ नागरीक परिचय पत्र वितरण निर्देशिका २०७५ स्वीकृत गरी सोही बमोजिम महिला ९०० जना र पुरुष ७३२ जना गरी जम्मा १६३३ जनालाई जेष्ठ नागरीक परिचय पत्र वितरण गरिएको छ ।

२-विभिन्न समयमा आर्थिक रुपले विपन्न जेष्ठ नागरीकहरुलाई सम्मान तथा सहायता कार्यक्रम सञ्चालन गरिएको छ ।

३-अपाङग परिचयपत्र वितरण कार्यविधी २०७५ स्वीकृत गरी सोही बमोजिम तपशिल बमोजिम अपाङग परिचय पत्र वितरण गरिएको छ ।

क वर्ग ३५ जना

ख वर्ग ९३ जना

ग वर्ग ५६ जना

घ वर्ग ४८ जना

४-बैंक खाता छोरीको सुरक्षा जिवन भरीको कार्यक्रम सञ्चालन कार्यविधी बमोजिम यस गाउँपालिकाका ५०२ छोरीहरुलाई कार्यक्रममा आबद्ध गरिएको छ ।

५-लैङ्गिक हिंसा निवारण कोष सम्बन्धी कार्यविधी २०७७ पारित गरी लैङ्गिक हिंसा निवारण कोषको स्थापना गरिनुका साथै राहत तथा उदार समितिको गठन गरिएको छ।

६-अनाथ तथा अभिभावक विहिन वालवालिकाको लागि शैक्षिक सहयोग कार्यक्रम सञ्चालन गरिएको छ।

७-महिला सशक्तिकरण तथा नेतृत्व क्षमता अभिबृदि गर्न विभिन्न किसिमका सिपमुलक तालिम,अभिमुखिकरण र जनचेतनामुलक कार्यक्रम सञ्चालन गरिएको।

## गरिवी निवारणका लागि लघुउद्यम विकास कार्यक्रमतर्फ

१- गरिवी निवारणका लागि लघुउद्यम विकास कार्यक्रमतर्फ आ.ब.२०७७/०७८ मा ८० जना नयाँ लघुउद्यमी श्रृजना गरिएको छ।

जसमा वडा न. १ मा २० जनालाई बाखापालन व्यावशायिक तालिम प्रदान गरिएको छ  जसमध्ये २ गोटा वयरजातको वोका ५ गोटा पम्पसेट र १ वडिजो वितरण गरिएकोछ।

वडा न. ३ मा १५ जनालाई उद्यमशिलता विकास तालिम दिईसकेपश्चात १ महिने होजियारी व्यावसायिक तालिम प्रदान गरिएको छ।

वडा न. ४ मा १५ जनालाई उद्यमशिलता विकास तालिम प्रदान गरिएको छ।

वडा न. ६ मा ३० जनालाई उद्यमशिलता विकास तालिम दिईसकेपश्चात २० दिने मुडा बुनाई तालिम प्रदान गरिएको छ।

वडा न. ५ मा स्तरउन्नतीतर्फ २४ जनाको समुहलाई २ गोटा वयर वोका वितरण गरिएको छ।

आ.ब.२०७८/०७९मा ९९ जना नयाँ उद्यमी श्रृजना गरिएकोछ।

जसमध्ये वडा न. २ मा ३४, वडा न. ४ मा ३४ र वडा न. ७ मा ३१ जनालाई उद्यमशिलता विकास तालिम दिईसकिएको छ।

## बहुक्षेत्रीय पोषण कार्यक्रमतर्फ

१-बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तरगत हालसम्म यस पालिकामा रु २,६०,०००।(अक्षरुपी दुई लाख साठी हजार रुपैया मात्र) विनियोजन गरी महिला सहकारी समिति तथा समुहमा आयआर्जन पोषण सम्बन्धी २

दिने तालिम सञ्चालन , रु २,६०,०००।(अक्षरुपी दुई लाख साठी हजार रुपैया मात्र) विनियोजन गरी १००० दिनका आमा तथा गर्भवति आमा २६० जनालाई गाजर,धनिया,काउली,बन्दा,रायोको विउ वितरण,रु २,६०,०००।(अक्षरुपी दुई लाख साठी हजार रुपैया मात्र) विनियोजन गरी १००० दिनका आमा तथा गर्भवति आमा २५० जनालाई स्थानिय जातका जोडी कुखुरा वितरण गरिएको छ ।

## न्यायिक समितितर्फ :

१-स्थानिय सरकार सञ्चालन ऐन २०७४ दफा ४७ को (१)र (२) बमोजिम कुमाख गाउँपालिकामा दर्ता भएका १७९ वटा निवेदनहरुलाई मेलमिलापको माध्यमबाट न्यायीक समितिले निरुपण गरेको छ । जसको बिस्तृत विवरण तपशिलबमोजिम रहेको छ ।

| क.स. | आर्थिक वर्ष | दर्ता निवेदन | मिलापत्र भएका | फैसला भएका | अनौपचारीक रुपमा मिलेका | बाँकि |
|---|---|---|---|---|---|---|
| १ | २०७४/७५ | १४ | १० | ० | ४ | ० |
| २ | २०७५/७६ | ५१ | २७ | १ | १५ | ८ |
| ३ | २०७६/७७ | २९ | १५ | ० | १४ | ० |
| ४ | २०७७/७८ | ६३ | ४० | ० | १९ | ४ |
| ५ | २०७८/७९ | २२ | १० | ० | ४ | ८ |
| ६ | जम्मा | १७९ | १०२ | १ | ५६ | २० |

## रोजगार सेवा केन्द्रतर्फ

## प्रधानमन्त्री रोजगार कार्यक्रमतर्फ

- ✓ **आ.व. २०७५।०७६** माप्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत संघिय सरकारबाट रु ३५,००,०००। (अक्षरुपी पैंतिस लाख मात्र) बजेट विनियोजन गरीएकोमा यस गाउँपालिकामा विभिन्न ७ वटा आयोजनाहरु कार्यन्वयन गरिएको र प्रत्येक वडा बाट २७ जनाको दरले जम्मा १८९ जना श्रमिकहरुलाई २० दिन बराबरको रोजगारी प्रदान गरियो ।
- ✓ **आ.व. २०७६।०७७**माप्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत संघिय सरकारबाट रु ८१,७०,०००। (अक्षरुपी एकासि लाख सत्तरी हजार मात्र) बजेट विनियोजन गरीएकोमा यस गाउँपालिकामा विभिन्न १३ वटा आयोजनाहरु कार्यन्वयन गर्दा २९६ जना श्रमिकहरुलाई रोजगारी प्रदान गरियो ।
- ✓ **आ.व. २०७७|०७८** मा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत कामका लागि पारिश्रमिकमा आधारित १९ वटा आयोजनामा ५५३ जना र युवा रोजगारीका लागी रुपान्तरण पहल

आयोजनाको लागी छनौट भएका ९ आयोजनाहरुमा १०० जना गरी कुल २८ आयोजनाहरुमा ६५३ जना बेरोजगार ब्यक्तिले १०० दिन बराबरको रोजगारी प्रदान गरिएको थियो, जसको लागी संघिय सरकारबाट कुल रु ६,२१,१२,०००।(अक्षरुपी छ करोड एक्काइस लाख बाह्र हजार मात्र) बजेट विनियोजन गरीएको थियो ।

- ✓ **आ.व. २०७८।०७९** मा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत कामका लागि पारिश्रमिकमा आधारित १७ वटा आयोजनामा २८६ जना र युवा रोजगारीका लागी रुपान्तरण पहल आयोजनाको लागी छनौट भएका ७ आयोजनाहरुमा ६६ जना गरी कुल २४ आयोजनाहरुमा ३५२ जना बेरोजगार ब्यक्तिहरु लाई १०० दिन बराबरको रोजगारीमा खटाइएको छ, जसको लागी संघिय सरकारबाट कुल रु ४,०६,९५,०००। (अक्षरुपी चार करोड छ लाख पन्चानब्बे हजार मात्र) बजेट विनियोजन गरीएको छ ।

## मुख्यमन्त्री रोजगार कार्यक्रमको प्रगति बिवरण

- ✓ **आ.व. २०७६।०७७**मा मुख्यमन्त्री रोजगार कार्यक्रम अर्न्तगत प्रदेश सरकारबाट रु ६४०००००। ( अक्षरुपी चौंसठ्ठी लाख मात्र) बजेट विनियोजन भएकोमा विभिन्न ३ वटा आयोजनाबाट ७५५ जना बेरोजगार ब्यक्तिलाई रोजगारी प्रदान गरिएको थियो ।
- ✓ **आ.व. २०७७।०७८** मा मुख्यमन्त्री रोजगार कार्यक्रम अर्न्तगत प्रदेश सरकारबाट रु ३,३९,१४०००। (अक्षरुपी तिन करोड उनन्चालिस लाख चौध हजार मात्र) बजेट विनियोजन भएकोमा विभिन्न १५ वटा आयोजनाबाट १३२३ जना बेरोजगार ब्यक्तिलाई रोजगारी प्रदान गरिएको थियो ।
- ✓ **आ. व. २०७८।०७९** का लागी मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तरगत छनौट भएका विभिन्न १२ वटा आयोजनाहरुमा ३३० जना श्रमिकलाई काममा खटाइएको छ भने एउटा आयोजना सम्झौता हुन बाँकी रहेको छ। आ.व.२०७८।०७९ मामुख्यमन्त्री रोजगार कार्यक्रम अर्न्तगत प्रदेश सरकारबाट रु १,९८,८५,०००।(अक्षरुपी एक करोड अन्ठानब्बे लाख पचासि हजार मात्र) बजेट विनियोजन भएको छ।

## रोजगार साराँशमा

१- मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तरगत कर्णाली प्रदेश सरकारबाट हालसम्मा यस गाउँपालिकामा ६,०१,९९,०००।-(अक्षरुपी छ करोड एक लाख उनान्सौ हजार मात्र) प्राप्त भई यस पालिकाभित्रका विभिन्न स्थानमा ३१ गोटा योजनामा बजेट विनियोजन गरी महिला १२५७ र पुरुष ११५१ गरी जम्मा २४०८ जना श्रमिकहरुलाई रोजगारी प्रदान गरियो ।

२-प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत कामका लागि पारिश्रमिकमा आधारीत छनोट भएका कुल ७२ योजनामा संघ सरकारबाट हालसम्मा यस गाउँपालिकामा ११,४४,७७,०००।-(अक्षरुपी एघार करोड

चौवालीस लाख सतहत्तरी हजार रुपैया मात्र) प्राप्त भई यस पालिकाभित्रका महिला ७९८ र ६५२पुरुष गरी जम्मा १४५० जना श्रमिकहरुलाई १०० दिने रोजगारी प्रदान गरियो ।

## पञ्जिकरण तर्फ

१-व्यक्तिगत घटना दर्ता नियमावली २०३४ को नियम ३ (च) बमोजिम मिति २०७४ साल बैशाख देखि २०७४ साल चैत्र ३० गते सम्ममा यस कुमाख गाउँपालिका भित्रका सबै वडामा ६५६ जना महिला र ६९२ जना पुरुष गरेर जम्मा १३४८ जनाले जन्म दर्ता, २८ जना महिला र १३ जना पुरुष गरेर जम्मा ४१ जना मृत्यु दर्ता, २५६ वटा विवाह दर्ता, १० वटा बसाई सरि आएका दर्ता, ८४ बसाई सरि गएका दर्ता र १ सम्बन्ध विच्छेद दर्ता गरि जम्मा १७४० घटना दर्ता भएको छ ।

२- २०७५ साल बैशाख देखि २०७५ साल चैत्र अन्तिम सम्ममा ८०२ जना महिला र ७८० जना पुरुष गरेर जम्मा १५८२ जनाले जन्म दर्ता, ५० जना महिला र १२८ जना पुरुष गरेर जम्मा १७८ जना मृत्यु दर्ता, ३०४ वटा विवाह दर्ता, २८ वटा बसाई सरि आएका दर्ता, ८७ बसाई सरि गएको दर्ता र ० सम्बन्ध विच्छेद दर्ता गरि जम्मा २१७९ घटना दर्ता भएको छ ।

३- २०७६ साल बैशाख देखि २०७६ साल चैत्र अन्तिम सम्ममा ५६६ जना महिला र ५३३ जना पुरुष गरेर जम्मा १०९९ जनाले जन्म दर्ता, ५९ जना महिला र ८६ जना पुरुष गरेर जम्मा १४५ जना मृत्यु दर्ता, २४३ वटा विवाह दर्ता, ५ बसाई सराई आउने दर्ता संख्या र २४ बसाई सरि आउने सदस्य संख्या ७६ बसाई सरि जाने दर्ता संख्या र २७७ बसाई सरि जाने सदस्य संख्या र २ सम्बन्ध विच्छेद दर्ता गरि जम्मा १५७० घटना दर्ता भएको छ ।

४- २०७७ साल बैशाख देखि २०७७ साल माघ सम्मको अथवा अनलाईन प्रणालिमा जानु भन्दा पहिलेको ४४८ जना महिला र ४०३ जना पुरुष गरेर जम्मा ८५१ जनाले जन्म दर्ता, ४२ जना महिला र ६४ जना पुरुष गरेर जम्मा १०६ जना मृत्यु दर्ता, १९९ वटा विवाह दर्ता, १०५ बसाई सरि जाने दर्ता संख्या र २५९ बसाई सरि जाने सदस्य संख्या र ० सम्बन्ध विच्छेद दर्ता गरि जम्मा १२६१ घटना दर्ता भएको छ ।

५- २०७७ साल माघ देखि यस कुमाख गाउँपालिका सम्पुर्ण वडा कार्यालयबाट ब्यक्तिगत घटना दर्ता अनलाइर्न प्रणालिमा गएको र हस्तलिखित घटना दर्ता कार्यलाई अन्त्य गरीएको छ । २०७७ साल माघ देखि आजको मिति सम्म अनलाइन प्रणालिमा गए पछि १३७२ जना महिला र ११७५ जना पुरुष गरेर जम्मा २५४७ जनाले जन्म दर्ता, १५२ जना महिला र ७७ जना पुरुष गरेर जम्मा २९ जना मृत्यु दर्ता, ४४८ वटा विवाह दर्ता, २६ बसाई सराई दर्ता संख्या र ८९ बसाई सरि आउने सदस्य संख्या १२२ बसाई सरि जाने दर्ता संख्या र ४०३ बसाई सरि जाने सदस्य संख्या र ९ सम्बन्ध विच्छेद दर्ता गरि जम्मा ३३३१ घटना दर्ता भएको छ ।

६- आजको मिति सम्म २०७४ साल देखि २०७८ साल सम्म हेर्दा ३८४४ जना महिला र ३५८३ जना पुरुष गरेर जम्मा ७४२७ जनाले जन्म दर्ता, ३३१ जना महिला र ३६८ जना पुरुष गरेर जम्मा ६९९ जना मृत्यु दर्ता, १४५० वटा विवाह दर्ता, ६९ बसाई सराई दर्ता संख्या र ११३ बसाई सरि आउने सदस्य संख्या ४७४ बसाई सरि जाने दर्ता संख्या र ९३९ बसाई सरि जाने सदस्य संख्या र १२ सम्बन्ध विच्छेद दर्ता गरि जम्मा १०१३१ घटना दर्ता भएको छ।

## सामाजिक सुरक्षातर्फ

१) आ.ब. २०७४/०७५ मा जम्मा २३४५ जनालाई ३,२६,५०,०००।-(तिन कारोड छत्तीस लाख पचास हजार) वितरण गरिएको छ।

२)आ.व. २०७५।०७६ मा २३५५ जनालाई ३,१६,०५,६००।-(तिन करोड सोह्र लाख पाँच हजार छ सय) वितरण भएको थियो।

३)आ.ब ०७६/७७ मा जम्मा २३२३ जनालाई ५,४२,४६,६००।-(पाँच करोड बयालिस लाख छयाकिलस हजार छ सय) वितरण भएको थियो।

४)आ.ब ०७७/७८ जम्मा ३९१९ जनालाई ५,८२,७४,०३५।- (पाँच करोड बयासी लाख चौरहत्तर हजार पैतिस) वितरण भएको थियो।

५)आ.ब ०७७/७८ जम्मा रु ९,०८,७८,५१९।- ( नौ करोड, आठ लाख, अठाहत्तर हजार पाँच सय उन्नाइस )सामाजिक सुरक्षा भत्ता वितरण हुनेछ।

व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा भत्ताको पहुचबाट टाढारहेका व्यक्तिहरुलाई प्रत्यक वडाको राष्ट्रिय परिचय पत्र दर्ता भएको स्थान बाट सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता शिविर सञ्चालन गरि सेवा प्रदान गरेको प्रत्यक वडाका २०४७ साल देखि २०७७ माघ सम्मका जम्मा २४८०० हस्तलिखित व्यक्तिगत घटना दर्ता किताबहरु डिजिटाइजेस गरिएको छ र २०७७ साल माघ महिना देखि प्रत्येक वडामा घटना दर्ता लाई अनलाई प्रणालिमा लिन वडा सचिवहरुलाई अनलाईन तालिमको व्यवस्था गरि र आबस्यक सामाग्री उपलब्ध बनाई अनलाई घटना दर्ताको सुचारु गरियो।

व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा भत्ताको पहुचबाट टाढारहेका व्यक्तिहरुलाई प्रत्यक वडाको राष्ट्रिय परिचय पत्र दर्ता भएको स्थान बाट सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता शिविर सञ्चालन गरि सेवा प्रदान गरेको प्रत्यक वडाका २०४७ साल देखि २०७७ माघ सम्मका जम्मा २४८०० हस्तलिखित व्यक्तिगत घटना दर्ता किताबहरु डिजिटाइजेस गरिएको छ र २०७७ साल माघ महिना देखि प्रत्यक वडामा घटना दर्ता लाई अनलाई प्रणालिमा लिन वडा सचिवहरुलाई अनलाईन तालिमको व्यवस्था गरि र आबस्यक सामाग्री उपलब्ध बनाई अनलाई घटना दर्ताको सुचारु गरियो ।

## कुमाख गाउँपालिका स्वास्थ्य शाखाले स्थानिय सरकार संचालन भए देखी गरेका प्रगति कार्यहरु

नेपालको संघिय गणतन्त्रात्मक व्यवस्था पश्चात मिति २०७४ बैसाख ३१ गतेको निर्वाचनबाट बनेको स्थानिय तहको सरकारले आफना जनताहरुको स्वास्थ्य आरोग्यताका तथा नेपालमा उच्च रहेको मातृ मृत्यु, बाल मृत्यु, शिशु मृत्यु दरहरुलाई घटाउने, गर्वास्थाका जटिलताहरु हटाउन गर्वास्थामा प्रोटोकल अनुसार जाँच, संस्थागत सुत्केरी सेवा बढाउन सुत्केरी प्रोत्साहन, सुत्केरीहरुलाई उत्तर प्रसुति सेवा जाँचका लागि स्वास्थ्यकर्मीहरुबाट घरमै गएर जाँच गर्ने व्यवस्था, सुत्केरी एम्बुलेन्स निशुल्क सेवा,आकस्मिक स्वास्थ्य सेवा व्यवस्था तथा एम्बुलेन्स सेवा, सरकारबाट प्रदान गरिने खोप सेवालाई सहज तथा सजिलोको व्यवस्था, स्वास्थ्य प्रयोगशाला प्रदान सेवा, जस्ता सेवाहरु प्रदान गरि जनताको उच्चतम स्वास्थ्य प्राप्ति लागि तपसिलका कार्यहरु गरेको छ ।

१-स्वास्थ्य चौकी बडागाउँमाकच्ची घरबाट सेवा प्रदान हुदै आएकोमा रु २५,००,०००।-(पचिस लाख) विनियोजन गरी ल्याब सहितको पक्की भवन निर्माण गरी प्रसुति सेवा प्रदानगरिदै आएको छ ।

२-स्वास्थ्य चौकी जिमालीमा कच्ची घरबाट सेवा प्रदान हुदै आएकोमा रु ३०,००,०००।-तिसलाख विनियोजन गरी पक्की भवन निर्माण गरी सेवा प्रदान गरिदै आएको छ ।

३-स्वास्थ्य संस्था नभएका वडाहरु २ र ४ मा अधारभूत स्वास्थ्य सेवा संचालनका लागि रु ७६,००,०००।- छयहत्तर लाख) विनियोजन गरी भवन निर्माण गरी स्वास्थ्य संस्था संचालनमा ल्याईएको छ ।

४-खोप सेसन संचालन गर्दा रुख मुनिबाट सेवा दिदै आएकोमा वडा नं ४ को सेराडाँडा र वडा नं ५ को बोहरागाउँमा खोप सेवा संचालनका लागि रु १,००,०००।- विनियोजन गरी खोप भवन निर्माण गरिएको छ ।

५-रु १,००,००,०००।- (एक करोड) विनियोजन गरी बडागाउँ,कालागाउँ , जिमाली र मर्मपरिकाँडा स्वास्थ्य चौकिमा प्रसुति केन्द्रका लागि मापदण्डमा आधारीत पक्की भवन निर्माण गरी सेवा प्रवाह गरिएको छ ।

६-प्रसुति केन्द्रमा प्रसुति सेवाग्राहीहरुलाई खाना पकाउन जिमाली,मर्मपरिकाँडा र कालागाउँमा घर निर्माण गरी सेवा प्रवाह गरीदै आईएको छ ।

७-भौगोलिक विकटताका कारण स्वास्थ्य सेवाको पहंचबाट टाढा भएका स्थानहरुकुमाख गा पा वडा नं २ को डाँडाकटेरी र वडा नं ३ को गुरुदासेमा भवन निर्माण गरी स्वास्थ्य सेवा संचालनमा ल्याईएको छ ।

८-कुमाख गा पा १ टाटके प्रसुति सेवा प्रदानका लागिएन आर एन, चौरजहारी अस्पताल र गा पा संयुक्त सहकार्यमा रु २५,००,०००।- पच्चिस लाख) विनियोजन गरी भवन निर्माण कार्य अन्तिरम चरणमा पुऱ्याईएको छ भने वडा न. २ मा पनि रु १,००,०००।- विनियोजन गरी प्रसुति सेवा प्रदानका लागि भवन निर्माण कार्य भईरहेको छ ।

९-स्वास्थ्य संस्थाका आफनै स्वामित्वमा जग्गा नभएर भवन निर्माणमा समस्या देखिएकोमा कुमाख गा पा अन्रतरगतका सबै स्वास्थ्य संस्थारुमा जम्मा ४५ रोपनी निशुल्क जग्गा प्राप्त गरिएको छ ।

१०-विरामी तथा गर्वती महिलाहरुलाई स्वास्थ्य संस्था सम्म पुर्याउनका लागि प्रर्याप्त स्ट्रेचर व्यवस्था नभएकोले रु २,५०,०००।- विनियोजन गरी साविकका सबै वडाहरुमा स्ट्रेचरको व्यवस्था गरिएको छ ।

११-प्रसुति पश्चात शिशुलाई निशासिनबाट बचाउँन तथा विरामीलाई इमरजेन्सी अवस्थाबाट बचाउनरु १,२५,०००।- विनियोजन गरी सबै प्रसुति सेवा केन्द्रहरुमा आक्सीजन सिलिन्डरको व्यवस्था गरिएको छ ।

१२-गाउँपालिकाका १५ महिना मुनिका सम्पूर्ण बाल बालिकाहरुले पाउने खोपहरुको व्यवस्था गरि पूर्ण खोप गाउँपालिका घोषना गरिएको छ ।

१३-कुमाख गा पा वडा नं ६ पूर्ण संस्थागत सुत्केरी वडा घोषणा भईसकेको छ भने बाँकी अन्य घोषणा हुने तयारीमा रहेका छन ।

कुमाख गाउँपालिका स्वास्थ्य शाखा अन्तरगतका स्वास्थ्य संस्थाहरुबाटतपशिलबमोजि प्रदान गरिएका सेवा उपलब्धिहरुयसप्रकार छन ।

| क्रमसंख्या | प्रदान गरिएकासेवाहरुको विवरण | २०७४/०७५ | २०७५/०७६ | २०७६/०७७ | २०७७/०७८ | २०७८/०७९ | जम्मा |
|---|---|---|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | BCG लगाएका बाल बालिकाहरुको संख्या | 530 | 525 | 507 | 526 | 267 | 2355 |
| २ | ९देखी १२ महिना सम्म दादुरा तथा रुबेला खोप लगाएका बाल बालिकाहरुको संख्या | 483 | 543 | 431 | 553 | 290 | 2300 |
| ३ | १२ महिना JE खोप लगाएका बाल बालिकाहरुकोसंख्या | 404 | 486 | 482 | 519 | 313 | 2204 |
| ४ | DPT-HepB-Hib-1st खोप लगाएका बाल बालिकाहरुको संख्या | 546 | 515 | 536 | 496 | 336 | 2429 |
| ५ | DPT-HepB-Hib-2nd खोप लगाएका बाल बालिकाहरुको संख्या | 553 | 531 | 471 | 503 | 330 | 2388 |
| ६ | DPT-HepB-Hib-3rd खोप लगाएका बाल बालिकाहरुको संख्या | 484 | 533 | 443 | 507 | 332 | 2299 |
| ७ | Measles/Rubella-12-23 महिनामा खोप लगाएका बाल बालिकाहरुको संख्या | 466 | 439 | 392 | 546 | 303 | 2146 |
| ९ | TD दोस्रो खोप मात्रा लगाउने गर्भवतीहरु सख्या | 387 | 370 | 358 | 371 | 117 | 1603 |
| १० | पहिलोपटक आइरन चक्की खाएका गर्वति महिलाहरु संख्या | 494 | 498 | 492 | 434 | 289 | 2207 |
| १२ | जुकाकोऔषधीखाएका गर्वति महिलाहरुको संख्या | 494 | 495 | 473 | 434 | 289 | 2185 |
| १३ | १८०वटा आइरन चक्की | 231 | 417 | 291 | 336 | 206 | 1481 |
| १५ | ०देखी ११ महिना सम्मका नयाँ तौल लिएका मधे सामान्य तौल भएका बाल बालिकाहरु संख्या | 591 | 708 | 610 | 642 | 429 | 2980 |
| १६ | १२देखी२३ महिना सम्मका नयाँ तौल लिएका मधे सामान्य तौल भएका बाल बालिकाहरु संख्या | 303 | 409 | 291 | 360 | 272 | 1635 |
| १८ | १२देखी२३ महिना सम्मका नयाँ तौल लिएका मधे धेरै कम तौल भएका बाल बालिकाहरु संख्या | ० | 2 | 1 | 0 | 0 | 3 |
| १९ | १२देखी२३ महिना सम्मका नयाँ तौल लिएका मधेकमतौल भएका बाल बालिकाहरु संख्या | 15 | 22 | 7 | 9 | 1 | 54 |
| २१ | ०देखी ११ महिना सम्मका नयाँ तौल लिएका मधे कम तौल भएका बाल बालिकाहरु संख्या | 24 | 6 | 6 | 3 | 3 | 42 |
| २२ | ०देखी ११ महिना सम्मका नयाँ तौल लिएका मधे धेरै कम तौल भएका बाल बालिकाहरु संख्या | 1 | 0 | 0 | 0 | 0 | 1 |
| २४ | ०देखी ११ महिना सम्मका दोह्याईआई तौल लिएका मधे सामान्य तौल भएका बाल बालिकाहरुसंख्या | 820 | 1881 | 1671 | 1540 | 1322 | 7234 |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २५ | १२देखी२३ महिना सम्मका दोह्याई तौल लिएका मधे सामान्य तौल भएका बाल बालिकाहरु संख्या | 506 | 1254 | 1071 | 1092 | 814 | 4737 |
| २७ | प्रोटोकलअनुसार पहिलो पटक गर्भजाँच गराउनेगर्वतीहरुको संख्या | 360 | 362 | 418 | 369 | 260 | 1769 |
| २८ | प्रोटोकलअनुसार चौथो पटक गर्भजाँच गराउनेगर्वतीहरुको संख्या | 226 | 247 | 356 | 346 | 210 | 1385 |
| ३० | कुमाख गाउँपालिकाका स्वास्थ्य संस्थामासुत्केरीहुनेको संख्या | 115 | 126 | 162 | 195 | 159 | 757 |
| ३१ | सुत्केरी पोत्साहन भत्ता पाउनेहरुको संख्या | 115 | 126 | 162 | 195 | 159 | 757 |
| ३२ | महिलास्वास्थ्य स्वयं सेविकाद्धारा घरमा सुत्केरी भएका महिलाहरु अभिलेख प्रतिवेदन | 124 | 139 | 75 | 76 | 37 | 451 |
| ३३ | कुमाखगाउँपालिका अन्तगतका स्वास्थ्य संस्थाहरुबाट प्रयेक वर्ष प्रदान गरेकापरिवार नियोजनका अस्थाई साधन अपनाउने (डिपो,पिल्स,इम्पलान्ट तथा आ.यू.सि.डि.) नयाँ सेवाग्राहीहरुको संख्या | 561 | 535 | 520 | 480 | 251 | 2347 |
| ३४ | स्वास्थ्य संस्थाहरुबाट औषधी तथा उपचारात्मक सेवा लिने विरामीहरुकोसंख्या पटक | 19219 | 21377 | 19396 | 2167<br>1 | 11620 | 93283 |
| ३५ | सहिद समृति अस्पताल सेराडाँडाबाट उपचार पाउने विरामीहरुको संख्या | – | – | – | 2636 | 2750 | 5386 |
| ३६ | स्वास्थ्यप्रयोगशालाबाटसेवा लिएकासंख्या | – | – | – | 317 | 252 | 569 |
| ३७ | पि सि आर स्वाब जाँच गर्नेको संख्या | | | 1068 | 392 | 0 | 1460 |
| ३८ | पि सि आर Possitive संख्या | | | 28 | 120 | 0 | 148 |
| ३९ | Antigen Test गरेका व्यक्तिहरु संख्या | | | ० | 422 | 186 | 608 |
| ४० | Antigen Possitive व्यक्तिहरु संख्या | | | 0 | 222 | 81 | 303 |
| ४१ | संस्थागत Quarentine मा बसेका व्यक्तिहरुको संख्या | | | 1068 | 200 | 0 | 1268 |
| ४२ | होम Isolation मा बसेकाव्यक्तिहरुको संख्या | | | 0 | 97 | 81 | 178 |
| ४३ | कोभिड अस्पतालमा भर्नाभिएका कोभिड Possitive विरामीहरुको संख्या | | | 0 | 45 | 0 | 45 |
| ४४ | कोभिड अस्पतालमाबाट रेफरभएका कोभिड Possitive विरामीहरुको संख्या | | | 0 | 5 | 0 | 5 |
| ४५ | कुमाख सहिद समृति कोभिडअस्पतालमा मृत्यु हुनेको संख्या | | | 0 | 0 | 0 | 0 |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४६ | कुमाख सहिद समृति कोभिडअस्पतालबाट रेफर पश्चात मृत्यु हुनेको संख्या | | | 0 | 3 | 0 | 3 |
| ४७ | कोभिड रोग विरुद्ध कोभिड भ्याक्सिन पहिलोमात्रा लगाउने व्यक्तिहरु संख्या | | | | | 12926 | 12926 |
| 48 | कोभिड रोग विरुद्ध कोभिडभ्याक्सिन दोस्रो मात्रा लगाउने व्यक्तिहरु संख्या | | | | | 11738 | 11738 |
| ४९ | आँखा जाँच शिविर संचालनबाट सेवा लिने सेवाग्राहीहरुको संख्या | | | | | ४९६ | 496 |
| 50 | महिलाहरुको प्रजनन स्वास्थ्य तथा पाठेघर जाँच शिविर संचालनबाट सेवालिने सेवाग्राहीहरुको संख्या | ३७२ | ४५० | – | – | – | 822 |
| ५१ | क्षय रोग शंकास्पद व्यक्तिहरुको नमूना खकार संकलन शिविरबाटसंचालनबाट सेवा लिने सेवाग्राहीहरुको संख्या | – | १९१ | – | – | – | 191 |

# कुमाख गाउँपालिकाको शिक्षा तर्फको प्रगती विवरण

१ **विद्यालय भवन निर्माणः** यस कुमाख गाउँपालिकाले विभिन्न आर्थिक वर्षमा रु ३ करोड ४७ लाख ५५ हजार रकम विनियोजन गरी जम्मा २४ वटा विद्यालय भवन निर्माण गरेको ।

२ **विद्यालय प्लाष्टर तथा रंगरोगनः** यस कुमाख गाउँपालिकाले रु ४७ लाख १८ हजार रकम विनियोजन गरी जम्मा २३ वटा विद्यालय प्लाष्टर तथा रंगरोगन गरेको ।

३ **विद्यालय फिल्ड निर्माणः** यस कुमाख गाउँपालिकाले रु ३२ लाख १६ हजार रकम विनियोजन गरी जम्मा २३ वटा विद्यालयमा फिल्ड निर्माण गरेको ।

४ **विद्यालय घेराबार तथा मेसिनरीवाल निर्माणः** यस कुमाख गाउँपालिकाले रु २० लाख १० हजार रकम विनियोजन गरी जम्मा ९ वटा विद्यालयमा घेरावार तथा मेसिनरीवाल निर्माण कार्य सम्पन्न गरेको ।

५ **विद्यालयमा फर्निचर व्यवस्थापनः** यस कुमाख गाउँपालिकाले रु ७ लाख ८३ हजार रकम विनियोजन गरी जम्मा ६ वटा विद्यालयमा फर्निचर व्यवस्थापन गरेको ।

६ **विद्यालय खानेपानी ट्याङकी निर्माणः** यस कुमाख गाउँपालिकाले रु ४ लाख ५० हजार रकम विनियोजन गरी जम्मा २ वटा विद्यालयमा खानेपानी ट्याङकी निर्माण गरेको ।

७ **शौचालय निर्माणः** यस कुमाख गाउँपालिकाले रु ८ लाख ३२ हजार रकम विनियोजन गरी जम्मा ४ वटा विद्यालयमा शौचालय निर्माण गरेको छ

८ **WASH सहितका शौचालय निर्माणः** यस कुमाख गाउँपालिकाले रु ८ वटा विद्यालयमा wash सहितका शौचालय निर्माण कार्य सम्पन्न गरेको ।

९ **प्राविधिक विद्यालय अनुदान कार्यक्रमः** यस गाउँपालिकाले अहिले सम्म प्राविधिक शिक्षा तर्फ अनुदान कार्यक्रम संचालन गरेको

१० **नमुना विद्यालय अनुदान कार्यक्रमः** यस कुमाख गाउँपालिकाभित्रका गरी २ वटा विद्यालयमा नमुना विद्यालय कार्यक्रम संचालन गरेको

११ **विद्यालय अनुदान कार्यक्रमः** विभिन्न आर्थिक वर्षमा शिक्षक दरबन्दी कम भएका विभिन्न विद्यालयमा मावि र निमावि तह गरी जम्मा २१ जना स्वयमसेवक शिक्षक र थप १६ वटा बालविकास केन्द्रको स्थापना गरेको

१२ बालविकास सहजकर्ता र विद्यालय कर्मचारी पोशाक भत्ता दिने काम भएको

१३ कक्षा ५ र ८ को परीक्षा संचालन तथा व्यवस्थापन कार्य गरिएको

१४ सवै वडाका १ देखी ३ का कक्षाहरुमा भुइ व्यवस्थापन कार्य गरिएको

१५ अहिलेसम्म शिक्षक तालिम तर्फ ७ लाख रकम विनियोजन गरी शिक्षकहरुलाई विभिन्न तालिम दिने कार्य गरिएको

१६ प्रत्येक बर्ष १ जना विद्यार्थिलाइ प्राविधिक शिक्षा डिप्लेमा अध्ययन अध्ययन छात्रवृतीको व्यवस्था गरिएको

१७ यस पालिका भित्रका ७ वटा माविमा ICT व्यवस्थापन कार्यक्रम सम्पन्न भएको

१८ पालिका भित्रका ४ वटा मावि विद्यालयमा र विज्ञान प्रयोगशाला निर्माण गरिएको

१९ कुमाख गाउँपालिका भित्रका ४ वटा माध्यामिक विद्यालयमा पुस्तकालय स्थापना भएको

२० उत्कृष्ठ सिकाई उपलब्धि भएका माध्यामिक विद्यालयलाई अनुदानको व्यवस्था गरिएको

२१ आधारभुत तहका विद्यालयहरुमा कार्यसम्पादनमा आधारित अनुदान दिइएको

२२ कक्षा ६-८ संचालित विद्यालयहरुमा अंग्रेजी गणित र विज्ञान विषयका शैक्षिक सामग्रीको लागि अनुदानको व्यवस्था भएको ।

## यस कुमाख गाउँपालिकाले अहिलेसम्म शिक्षा क्षेत्रमा गरेका केहि महत्वपूर्ण कार्यहरुः

१ शिक्षा क्षेत्रको योजना निर्माण कार्यसम्पन्न भइसकेको,

२ कक्षा १-५ को स्थानीय पाठ्यक्रम निर्माण भइ कार्यान्वयनमा आइसकेको र कक्षा ६-८ को स्थानीय पाठ्यक्रम निर्माण कार्य कार्यसम्पन्न भइसकेको

३ कुमाख गाउँपालिकाको शिक्षा नियमवली स्थानीय राजपत्रमा प्रकाशन भइ कार्यान्वयनमा आइसकेको

४ जनता मावि रागेचौरमा प्राविधिक धार तर्फ कृषि बालिविज्ञान विषयको पठनपाठन सुरु गरिएको

५ बुद्धजनकल्यान मावि बडागाउँकोटमा महिने Civil Engineering विषय अध्ययन भइरहेको

६ विद्यार्थी अनुपातमा शिक्षक दरबन्दी कम भएका विद्यालयमा निमावि तहमा १६ जना मावि तहमा ५ जना गाउँपालिका अनुदान शिक्षक व्यवस्थापन गरिएको

७ विभिन्न आर्थिक वर्षमा गरी १६ वटा बालविकास केन्द्र स्थापना तथा थप गरिएको

८ ३ वटा माविमा लेखा कर्मचारीको दरबन्दी सिर्जना गरिएको

९ शिक्षक/ विद्यार्थी अनुपात नमिलेका ७ वटा विद्यालयहरुको दरबन्दी मिलान कार्य गरिएको

१० प्रस्तावित माविः जनकल्याण मावि बडागाउँ, भेरी मावि टाट्के र सरस्वती मावि भितिवन बाहेक जम्मा ११ वटा मावि मध्ये ८ वटा माविमा इन्टरनेट सेवा पुगेको

११ एक वडा एक माध्यमिक विद्यालय कार्यक्रम लागु गरिएको

१२ खेलप्रति युवाहरुलाई उत्प्रेरित गर्न विभिन्न आर्थिक वर्षमा वजेटको व्यवस्था गरि पालिका स्तरिय अन्तर माध्यमिक राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता, अन्तरपालिका महिला भलिवल खेलकुद प्रतियोगिता र अध्यक्षकप खेलकुद प्रतियोगिता कार्यक्रम सम्पन्न गरिएको ।

## कर्मचारी व्यबस्थापन तथा सुशासन तर्फ

१३- यस पालिकामा हालसम्म शिभिल ईन्जिनियर , आई.टि.अफिसर,रोजगार संयोजक लगायत अधिकृत स्तरका कर्मचारी ६ जना, पाँचौ तहका कर्मचारी ७ जना , चौथो तहका ३० जना,सवारीचालक ४ जना का.स.१२ जना ,पिटौली २५ जना ,सुरक्षागार्ड १ जना गरी जम्मा ८५ जनालाई करार सेवामा परिचालित गरी सेवा प्रवाह गरीराखिएको छ भने स्वास्थ्य तर्फ अ.हे.व.२ जना,अ.न.मी.१२ जना,हे.अ.१ जना,ल्याव टेक्निसियन १ जना,असिस्टेन्ट ल्याव टेक्निसियन १ जना,स्वास्थ्य पर्वदक १ जना,का.स.६ जना,सुत्केरी

स्याहारकर्ता ४ जना गरी जम्मा २६ जना र स्वास्थ्य स्वंयमसेविका ४५ जनालाई करार सेवामा परिचालित गरी सेवा प्रवाह गरीएको छ ।

२-व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा भत्ताको पहुचबाट टाढारहेका व्यक्तिहरुलाई प्रत्यक वडाको राष्ट्रिय परिचय पत्र दर्ता भएको स्थान बाट सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता शिविर सञ्चालन गरि सेवा प्रदान गरेको प्रत्यक वडाका २०४७ साल देखि २०७७ माघ सम्मका जम्मा २४८०० हस्तलिखित व्यक्तिगत घटना दर्ता किताबहरु डिजिटाइजेस गरिएको छ र २०७७ साल माघ महिना देखि प्रत्यक वडामा घटना दर्ता लाई अनलाई प्रणालिमा लिन वडा सचिवहरुलाई अनलाईन तालिमको व्यवस्था गरि र आबस्यक सामाग्री उपलब्ध बनाई अनलाई घटना दर्ताको सुचारु गरिएको छ ।

३- यस पालिकामा ७ वटै वडा कार्यालय स्थापना गरी आफ्नै कार्यालयबाट सेवा प्रवाह गरिएको , सामाजिक सुरक्षा भत्ता बैकिंङ प्रणालिबाट भुक्तानि गरिएको,पालिकाको सम्पुर्ण कारोवार सुत्र प्रणालिमार्फत गरिएको,पालिका कार्यालयमा निःशुल्क फोटोकपि सेवा सञ्चालनमा ल्याएको,नागरीक सहायता कक्ष सञ्चालनमा ल्याएको,सेवाग्राहीलाई सेवा लिन सहज पुऱ्याउने उदेख्यले पालिकामा कामको प्रकृति अनुसार शाखा,उपशाखा,ईकाई स्थापना गरी प्रभावकारी ढंगले सेवा प्रवाह गरिदै आईएको छ ।

४- पालिकाको आन्तरीक राजश्व संकलन कार्यलाई प्रभावकारी ढंगले व्यबस्थित गर्नका लागि राजश्व व्यबस्थापन सफ्टवयर खरीद गरी पालिका कार्यालयमा कार्यान्वयनमा ल्याएको, वडा कार्यालयहरुमा लगतै राजश्व व्यबस्थापन सफ्टवयर सञ्चालनमा ल्याउने तयारीमा रहेको साथै पालिकाका सवै वडा कार्यालय,स्वास्थ्य चौकी, ८ गोटा मा.वि. विद्यालयमा ईन्टरनेटको पहुच पुऱ्याईएको छ ।

## अन्तिममा

सरकारभित्रका सवै पंक्तीहरुलाई एकतृत गर्दै, विवाद रहित एवं पारदर्शि योजना व्यवस्थापन सवैलाई सहाहित गर्दै, महिला नेतृत्वप्रति आउने लान्छनाहरुको सामना गर्दै बिभिन्न चुनौति एवं समस्याहरुका बावजुद, हामीसँग उपलब्ध स्रोत साधनको उच्चतम सदुपयोग गर्दै स्थानिय स्तरमा विकास निर्माणको आधार स्तम्भ तयार गर्न सफल भएका छौं, लामो समय विकास निर्माण देख्न नसकेका जनसमुदायहरुलाई विकास निर्माणको अनुभुती दिलाउन सफल भएका छौं । हामि नेतृत्वमा आँउनु पुर्व याँहाका बाटाघाटाहरु कस्ता थिए, बिजुली बत्तीको अवस्था के थियो, खानेपानि, सिँचाइ पुर्वाधार तथा अन्य पुर्वाधारको विकासको अवस्था के थियो भन्ने तपाई हामी सबैलाई अवगत भएकै बिषय हुन । नयाँ अनुभव नयाँ विधि र पद्धतीमा सामञ्जस्यता कायम गर्दै, विकास निर्माणको यो उचाइ सम्म पुर्‍याउनु भनेको सरकारको मात्र नभै आम कुमाखबासीको सफलता हो । यसमा सबै जनप्रतिनिधिहरु, कर्मचारीहरु, विभिन्न बौद्धिक बर्गहरु, सुझावकर्ताहरु, नेतृत्वका विभिन्न तहहरु तथा आम नागरिकहरु

सवैको साथ सहयोग तथा सकारात्मक पहल कदमी रहेको छ । सवै प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

धन्यवाद

प्रस्तुतकर्ता

दिलमाया बुढामगर गिरी
अध्यक्ष, कुमाख गाउँपालिका
सल्यान